# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति (२०७९।१०।११)**

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकामा प्रधानमन्त्री रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक र प्राविधिक सहायक पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १ | ०१।०७९।०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ |
| २ | ०२।०७९।०८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ |

दरखास्त दस्तुर प्रत्येक विज्ञापनको लागि देहाय अनुसार दस्तुर बुझाउनु पर्नेछ।

| रोजगार सहायक | प्राविधिक सहायक |
|---|---|
| रु. ५,००।- | रु. ५,००।- |

१. **दरखास्त दस्तुर बुझाउने विवरण:**
**बैंकको नाम:** हिमालयन बैंक लिमिटेड, **शाखा:** प्रसौनी गाउँपालिका, प्रसौनी, बारा।
**राजस्व खाता नं. :** ०५३०७६८२९४००१९ **खाताको नाम:-** ग.१-१ आन्तरिक राजस्व खाता, प्रसौनी।

२. **दरखास्त बुझाउने स्थान:** प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा।

३. **दरखास्त बुझाउने अवधि:** बिहान १० बजे देखि बेलुका ४ बजे सम्म

४. **दरखास्त दिने अन्तिम मिति:** २०७९।१०।२५ गते सम्म।

५. **सेवा सुविधा तथा अन्य:** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

६. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

७. **परिक्षा मिति:** पछि सूचना प्रकाशन गरिनेछ।

८. **प्राविधिक सहायक पदको लागि आवश्यक न्यूनतम योग्यता र अनुभव:**
   क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।
   ख) दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
   ग) कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको।
   घ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव महिनाको ६ पारस्परीक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा अनुभव भएकोलाई ग्राहयता दिइनेछ।

९. रोजगार सहायक पदको लागि आवश्यक न्यूनतम योग्यता र अनुभव :
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको।
   ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
   ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको।

१०. आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु क) नागरिकता। ख) न्यून्तम योग्यताको लब्धाङ्क प्रमाण पत्र। ग) चारित्रिक प्रमाण पत्र। घ) तालिमको प्रमाण पत्र ङ) अनुभव भए सोको कागजात च) २ प्रति पासपोर्ट फोटो

११. करार अवधी नियुक्ति भएको मितिबाट बढीमा ६ महिनाको लागि रहनेछ तथा कार्य सन्तोषजनक देखिएमा करार अवधी थप गरिनेछ।

नोट: दरखास्त फाराम, अन्य जानकारी प्रसौनी गाउँपालिकाको वेभसाईट www.prasaunimun.gov.np मा हेर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

कुल घोरसाइने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल
म्बर-४बारा email:-kreepadaily@gmail.com मुद्रक: के.एस.मल्टिप्रपोजप्रा.ली.

CamScanner